वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

खुशीको खबर !!!
योग निद्रा सिकेर आफ्नालाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफ्नालाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८५६१०३२१६

○वर्ष ८ ○अंक ९९ ○श्रेणी 'क' ○२०७२ पुस २६ गते आइतबार ○ 10 Jan. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

आन्तरिक पर्यटकले नै थेप्छ पोखराको पर्यटन

व्यवसायी भन्छन्-'न्यू इयर इभमा उर्लेको भीडले आशा जगायो'

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ पुस ।

विदेशी पर्यटकको खडेरीका बावजुद नयाँवर्ष २०१६ को स्वागतार्थ पोखराको लेकसाइडमा आयोजित सडक महोत्सवका क्रममा पोखराका होटल-रेष्टुरेन्ट भरिभराउ बने । आन्तरिक पर्यटकले नै होटल-रेष्टुरेन्ट भरिएपछि पोखराको पर्यटन उद्योगमा नयाँ आशाको सञ्चार भएको छ । गत वैशाख १२ गते गएको विनाशकारी भूकम्प र भारतीय नाकाबन्दीका कारण पोखराको पर्यटन धेरै गिरेकोले थियो । तर महोत्सवमा देखिएको आन्तरिक पर्यटकको चापले पर्यटन व्यवसाय ब्यूँतिन सक्ने आशा जागेको हो । यद्यपी सडक महोत्सव सकिएसँगै पर्यटक चाप भने खस्कन थालेको पर्यटन व्यवसायी बताउँछन् ।

सडक महोत्सव अवधीमा पोखराको पुमुख पर्यटकीय क्षेत्र लेकसाइडका होटलहरु भरिएका थिए । न्यू इयर इभको दिन कयौं आन्तरिक पर्यटकहरु होटलमा बस्ने कोठा नपाएर भौतारिनु परेको थियो भने नजिकबाट आएकाहरु अबेर राती घर फर्कन बाध्य भएका थिए । महोत्सव शुरु भएदेखि नयाँ वर्ष शुरु हुने २ दिन अधिसम्म करीब ५० प्रतिशत अकुपेन्सी रहेको लेकसाइडका होटलहरु न्यू इयर इभ र न्यू इयरको दिन शतप्रतिशत अकुपेन्सी रहेको पाँचमाञ्चल होटल संघका अध्यक्ष भरतराज पराजुलीले जानकारी दिए । जबकी

महोत्सव अघिसम्म करिब २० देखि ३० प्रतिशतको हाराहारीमा मात्र अकुपेन्सी थियो ।

'महोत्सव अवधिमा देखिएको अकुपेन्सीले आन्तरिक पर्यटकबाट पनि पर्यटन व्यवसाय चल्न सक्छ भन्ने आशा र विश्वास जगाएको छ,' पराजुलीले भने । रेष्टुरेन्ट एन्ड बार एसोसियसन (रेबान) पोखराका अध्यक्ष भट्टराईले विदेशी मुद्रा आर्जन गर्ने विदेशी पर्यटक आवश्यक भए पनि आन्तरिक पर्यटकले पनि महोत्सवका कारण होटल तथा रेस्टुरेन्ट व्यवसायमा आशा जागेको प्रतिक्रिया दिए । महोत्सव अवधिमा होटलको अकुपेन्सी राम्रो हुनुका साथै रेस्टुरेन्ट तथा बारहरुमा पनि व्यापार धेरै राम्रो भएको उनले बताए । महोत्सवको मुख्य दिन न्यू इयर इभमा करिब १ लाख पर्यटकले महोत्सवको अवलोकन गरेको उल्लेख गर्दै अध्यक्ष भट्टराईले महोत्सव अवधिमा भण्डै २रु३ सय गुनाले व्यापार वृद्धि भएको जानकारी दिएका छन् । पोखरामा करिब ४ सय ५० होटल छन् । जसमध्ये ३ सय १० वटा होटल पर्यटकस्तरका छन् । ती होटलमा १८ हजारभन्दा बढी बेड रहेको पाँचमाञ्चल होटल संघका अध्यक्ष पराजुलीले बताए । महोत्सवमा करिब ९० प्रतिशत मात्र विदेशी पर्यटक थिए । रेबान पोखराका अध्यक्ष भट्टराईले विदेशी मुद्रा आर्जन गर्ने विदेशी पर्यटक आवश्यक भए पनि आन्तरिक पर्यटकले पनि होटल र रेस्टुरेन्ट धानिन सक्छ भन्ने पुष्टी भएको बताएका छन् । 'आन्तरिक पर्यटकलाई पर्यटक नै नमान्ने सरकार र व्यवसायीलाई यसले गतिलो पाठ सिकाएको छ,' उनी भन्छन् ।

होटल संघका अध्यक्ष पराजुली पनि नेपाली पर्यटन आन्तरिक श्रोतबाट पनि चल्न सक्छ भन्ने सन्देश सडक महोत्सवले दिएको स्विकार्छन् । उनले ३० देखि ४० प्रतिशत आन्तरिक पर्यटक र करिब ३० प्रतिशत बाह्य पर्यटक भित्र्याउन सकेमात्रै पनि पर्यटन व्यवसाय नाफामा जाने बताए ।

भूकम्पपछि पोखराको पर्यटनमा पुनःजागरण ल्याउन गठन भएको पोखरा पर्यटन पुनःजागरण समिति (पिटीआरसी) का संयोजक गणेशबहादुर भट्टराई भने फरक मत राख्छन् । महोत्सवमा देखिएको उभार केही दिनका लागि मात्रै भएकाले यसलाई नियमित बनाउन नेपालीको आयस्तर उकासिनुपर्ने उनको धारणा छ । 'नेपालीको आयस्तर बढाउन जिडिपी बढ्नुपर्छ र खर्च गर्ने बानीको पनि विकास हुनुपर्छ,' उनले भने । महोत्सवमा आएका आन्तरिक पर्यटकले गरेको खर्चलाई हेर्दा सकारात्मक रुपमा लिन सकिने भट्टराई बताउछन् ।

बल्ल स्वदेशी पर्यटकको सम्मान : कुनै समय थियो लेकसाइडका पर्यटन व्यवसायी आन्तरिक पर्यटकलाई मान्छे नै गन्दैनथे । त्यसो त लेकसाइडका होटल-रेस्टुरेन्टमा नेपालीहरु बिरलै पस्थे । आक्कल-झुक्कल पसेका नेपालीहरुलाई पनि होटल तथा रेस्टुरेन्ट व्यवसायीले खासै वास्ता गर्दैनथे । नेपाली ग्राहकले खर्च गर्न सर्वदेन भन्ने सोचाईका कारण उनीहरुको बेवास्ता हुने गरेको थियो । नेपाली पर्यटकलाई राम्रो कोठा दिन गाह्रो मान्ने, अर्डर गरिएका खानाका परिकारहरुमा पनि डिलास्सुस्ती गर्ने, गुणस्तर र सेवामा ध्यान नदिने प्रवृत्तिहरु थिए ।

तर अहिले परिस्थिति बिलकुलै फरिएको छ । भूकम्प र नाकाबन्दीका कारण बाह्य पर्यटक ह्वातै घटेपछि लेकसाइडका होटल तथा रेस्टुरेन्टहरु आन्तरिक पर्यटककै भरमा टिकेका छन् । केही नाम चलेका रिसोर्ट तथा होटलमा बाहेक अन्यमा विदेशी पर्यटकहरुको उपस्थिति शून्य प्रायः छ ।

हिजो नेपाली पर्यटक भन्ने बित्तिकै नाक खुच्याउने पर्यटन व्यवसायी आज प्याकेज दिएर लोभ्याउने प्रयासमा छन् । पत्रकार सन्देश श्रेष्ठ अनलाइन खबरमा लेख्छन्-'पहिले विदेशीलाई सेवा दिएपछि मात्रै नेपाली पर्यटकलाई हेर्ने व्यवसायी अहिले समान व्यवहार गर्न थालेका छन् । यसैका कारण होला हिजो आज लेकसाइडका होटलहरुमा नेपाली पर्यटकको निकै चहलपहल देखिन्छ ।' नेपाली पर्यटक आकर्षण गर्न पाँचमाञ्चल होटल संघले ३० प्रतिशतसम्म छुट प्याकेज घोषणा गरेका छन् । यद्यपी यी सबै होटलहरुमा लागू भएको देखिन्न । कुनैकुनै होटलले छुट नदिएको पर्यटकको गुनासो छ । होटल संघका अध्यक्ष पराजुली पनि यसलाई स्वीकार्दै भन्छन्,-'हामीले छुट दिने घोषणा गरेका हौं र अधिकांशमा लागु छ । तर, केही होटलरु संघमा बस्ने नहँदा समस्या आएको हो ।' उनले संघमा आबद्ध होटलहरुले छुट दिने गरेको दावी गर्दै संघमा बस्ने नभएका होटलहरुले छुट नदिदा आलोचित हुनुपरेको बताए ।

उदय बहादुर बस्नेत, केन्द्रीय सदस्यहरु भरत बहादुर बस्नेत, पदम बहादुर काकी, दिल बहादुर अधिकारी, केन्द्रीय महिला अध्यक्ष प्रमिला कुँवर, रिब बहादुर थापा, पूर्व जिल्ला अध्यक्ष नर बहादुर अधिकारी, मिन बहादुर के.सी., मोति गिरी लगायतले आ-आफ्नो धारणा राखेका थिए ।

पार्टीका वरिष्ठ उपाध्यक्ष बालकृष्ण सुबेदीको अध्यक्षतामा भएको कार्यक्रममा महिला समाजका केन्द्रीय सदस्य लक्ष्मी अधिकारीले स्वागत, सचिव प्रेम बहादुर थापाले कार्यक्रमको संचालन गरेको थिए ।

'कांग्रेस सधैं मजदूरको पक्षमा'

पोखरा २५ पुस ।(गोल्डेन)

नेपाली कांग्रेस कास्कीका सभापति एवं सांसद यज्ञबहादुर थापाले नयाँ संविधानमा मजदुरको अधिकार सुरक्षित गरेको बताएका छन् । नेपाल ट्रेड युनियन कांग्रेस कास्कीले वर्तमान संविधान सम्बन्धमा अन्तर्किया कार्यक्रममा बोल्दै थापाले मजदुरको पक्षमा नेपाली कांग्रेस रहेको बताए । उनले कुनै विषय अपुग एवं अहित रहेको भए संविधान संशोधन गरेरपनि मजदुरको पक्षमा उभिनेमा जोड दिए । जिल्ला अध्यक्ष कुलबीर बरालको अध्यक्षतामा भएको कार्यक्रममा नेता शुकराज सामाले मजदुर सक्षम भएमात्र देशको मजदुर सक्षम भएमात्र देशको उन्नति हुनुपर्छ भन्दै विदेशीलाई सेवा दिएपछि मात्रै नेपाली पर्यटकलाई हेर्ने व्यवसायी अहिले समान व्यवहार गर्न थालेका छन् । यसैका कारण होला हिजो आज लेकसाइडका होटलहरुमा नेपाली पर्यटकको निकै चहलपहल देखिन्छ ।' नेपाली पर्यटक आकर्षण गर्न पाँचमाञ्चल होटल संघले ३० प्रतिशतसम्म छुट प्याकेज घोषणा गरेका छन् । यद्यपी यी सबै होटलहरुमा लागू भएको देखिन्न । कुनैकुनै होटलले छुट नदिएको पर्यटकको गुनासो छ । होटल संघका अध्यक्ष पराजुली पनि यसलाई स्वीकार्दै भन्छन्,-'हामीले छुट दिने घोषणा गरेका हौं र अधिकांशमा लागु छ । तर, केही होटलरु संघमा बस्ने नहँदा समस्या आएको हो ।' उनले संघमा आबद्ध होटलहरुले छुट दिने गरेको दावी गर्दै संघमा बस्ने नभएका होटलहरुले छुट नदिदा आलोचित हुनुपरेको बताए ।

अखण्ड नेपाल कास्की अध्यक्षमा कार्की

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ पुस ।

अखण्ड नेपाल कास्की अध्यक्षमा पदम बहादुर कार्की निर्विरोध चयन भएका छन् । कार्कीको अध्यक्षतामा ४१ सदस्य जिल्ला कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा बालकृष्ण सुबेदी, उपाध्यक्षमा दान बहादुर बस्नेत, महिला उपाध्यक्षमा गोमा रायमाझी, क्षेत्र नं.१ उपाध्यक्षमा गणेश बहादुर केसी, क्षेत्र नं.२ मञ्जुश्री बस्नेत, क्षेत्र नं.३ गणेश बहादुर केसी, क्षेत्र नं.४ राम बहादुर केसी, सचिवमा प्रेम बहादुर थापा, कोषाध्यक्षमा कृष्ण बहादुर थापा, सहसचिवमा शोभाकर पराजुली रहेका छन् । भेलाले सरस्वती हमालको अध्यक्षतामा १३ सदस्य महिला समितिको गठन गरेको छ । समितिको उपाध्यक्षमा मिना भण्डारी, सचिवमा मञ्जुश्री बस्नेत, कोषाध्यक्षमा भावना थापा रहेका छन् ।

अधिवेशनको उद्घाटन गर्दै अखण्ड नेपाल पार्टीका केन्द्रीय वरिष्ठ उपाध्यक्ष चतुरासुर अधिकारीले राष्ट्रिय सदभाव कायम

गर्न पार्टीले बडास्तरबाट रचनात्मक कृयाकलाप गरिन लागिएकोले देशलाई आत्मनिर्भर बनाउन सबै लाग्नुपर्ने बताए । कार्यक्रममा महासचिव केशबहादुर केसीले राज्यपक्षले सबै पार्टीहरुलाई समेटी सबैको भावना सम्बोधन गर्न नसकेका कारण देशमा असहज परिस्थिति आएकोले ठूला दलले हठ तोड्नुपर्ने बताए । अधिवेशनले नाकाबन्दीका कारण समग्र नेपालीहरुमा परेको असहज परिस्थिति, अभाव, महँगी तथा कालोबजारी र भूकम्प पीडितहरुले पाउनुपर्ने राहत सहयोगमा सरकारले गरेको ढिलासुस्तीप्रति गम्भीर ध्यानाकर्षण गराएको छ ।

कोरियन भाषामा भर्ना खुल्यो

नेपाल सरकारबाट कोरिया भाषाको स्वीकृति प्राप्त प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूटमा कोरियामा ५ वर्ष बसी कोरियन भाषाको व्याकरण र उच्चारण विधि अध्ययन गरेर आउनुभएका ख्यातिप्राप्त शिक्षकद्वारा अडियो तथा भिडियो माध्यमबाट EPS-TOPIK कोर्ष अध्यापन गराइन्छ ।

सम्पर्क

प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूट
न्यूरोड, पोखरा (पृथिना हल अगाडि, मेट्रो डेभलपमेन्ट बैंकसमै)
फोन : ०६१-५२०८५२, ९८१७१४४६३३, ९८४६७७६९१५

सुन्दर हेयर एण्ड ब्युटी
हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension मसँका साथै ब्राइडेल प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेसी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ९८४६८५५३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग में किन ?
तपाईंले खोजेका कुनैपनि मुगलत्तरीय ब्रान्डका कपडाहरुका लागि,
तपाईंले भनेको समयमा आकर्षक एवम् मुगलत्तरीय सिलाईका लागि,
आकर्षक तथा आधुनिक डिजाइनका लागि,
आकर्षक कोटका लागि मुगलत्तरीय पेरिङ्ग मेडिल प्रयोग गरिने,
यहीको साथा, सहयोग र विश्वासको निरन्तरताको लागि,
अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
बबिन टेलरिङ्ग सुटिङ्ग एण्ड सुटिङ्ग
DIGAM Ashwini OCM Bodhi

तुरून्त आवश्यकता

पोखराको लेकसाइडमा रहेको टीका रिसोर्टका लागि ट्राभल्स, प्यारागलाईडिङ्ग, क्याफे र रेमिट्यान्समा काम गर्न सक्ने निम्नानुसारको पदहरुमा पदपूर्ति गर्नुपर्ने भएकाले ईच्छुक, योग्य, अनुभवी र इमान्दार व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

क्र.सं.	पद	आवश्यक संख्या
१.	होटल म्यानेजर	१ जना
२.	एकाण्टेन्ट	१ जना
३.	फ्रन्ट डेक्स अफिसर (महिला/पुरुष)	२ जना
४.	दुर अफसर	१ जना
५.	सेल्स एण्ड मार्केटिङ्ग	२ जना
६.	कुक (इण्डियन/कन्टिनेन्टल)	२ जना
७.	रेष्टुरेन्ट क्याप्टेन	२ जना
८.	वेटर	२ जना
९.	किचन हेल्पर	२ जना
१०.	ड्राइभर	१ जना

पारिश्रमिक : आकर्षक/आपसी समझदारीमा

सम्पर्क : **टीका रिसोर्ट, लेकसाइड, पोखरा**
फोन : ०६१-४६०२३३, ४६२०३३

के तपाई नेपालमै केही गर्न चाहानुहुन्छ ?
रोजगारीका लागि विदेश जानुहुन्न भने लाजकाँती भवनमा आउनुहोस् र आफ्नालाई गर्न चाहानुहुन्छ भने तपाईको रोजाई कस्तो छ ?
★ सिर्जना मिनी मार्केट ★
पोखराको नयाँ रिजर्भायरमा रिक्त मेट्रोसिटी इण्टिरियल आकर्षी पर्सिदद सुविधा सम्पन्न सम्पन्न दरिद ४३ दोकानमुनि ५३ वटा सटरहरु रहेको सुन्दर मिनी मार्केटमा सजिलै सटल बुकिङ्ग गर्नुहोस्नुहोस् ।
तपाई सजिलैदेखि मार्केट सञ्चालन गर्दै आफ्ना आफुलाई व्यवसायिक सञ्चालित रिजर्भा मिनी मार्केट जहिं मै उपयुक्त रहेको छ ।
यहाँ मांडा, खाद्यान्न, फलफुल, तरकारी, लताकपडा व्यवसाय गर्न सकिन्छ ।
बुकिङ्गका लागि सम्पर्क : ९८४६७४५०५ ९८४६७४५०६ ९८४६७४५०७ ९८४६७४५०८ ९८४६७४५०९ ९८४६७४५१०

■ अरुको भनाइ अनुसार सधै नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। **- सेक्सपियर**

सम्पादकीय ...

लोडसेडिङले थप मार

नयाँ संविधान निर्माणपछिको मधेस आन्दोलन र त्यसैको आडमा भारतले लगाइरहेको अघोषित नाकाबन्दीका कारण अहिले पनि मुलुकमा इन्धनको चरम अभाव छ। मलुकमर खाना पकाउने ग्यासको हाहाकार छ। पोखरा पनि त्यो समस्याबाट अछुतो रहने कुरा नै भएन। देशका विभिन्न शहर बजार र सडकमा ग्यासका रित्ता सिलिन्डरको तांती देख्दा आमउपभोक्ताको पीडा सहजै अनुमान गर्न सकिन्छ। पेट्रोल र डिजेलको अवस्था पनि उस्तै छ। सर्वसाधारणलाई पेट्रोल र डिजेल वितरण नगरिएको कति भयो, आयल निगमसितै त्यसको जानकारी नहोला। सवैतरवाट चर्को अभावमा हरेक सर्वसाधारण नागरिक छटपटाइरहेका छन। इन्धनको अभावले गृहणीदेखि विद्यार्थीसम्म सबै मर्कामा छन। इन्धनको अभावमा नै व्यवसायी र उद्योगीहरु आफ्ना उत्पादन ठप्प पार्नुपर्ने अवस्थामा पुगेका छन। जननत उत्पादन गरेका वस्तुहरु पनि वजारसम्म पुराउन इन्धनको नै अभाव देखिएको छ। इन्धन अभावको यस्तो विषम परिस्थितिमा जलस्रोतको धनी देश हरेक नागरिकले विजुलीलाई भरपर्दो विकल्पका रूपमा आशा गर्नु अस्वाभाविक होइन। केही समयअघि देशभर इन्डक्सन चुलो, माटाको हिटर, राइस कुकरलगायतका साधनको व्यापक माग बढ्यो र त्यसैअनुरूप किनवेच पनि भयो। स्वाभाविक छ, जनताले त्यस्ता विद्युतीय उपकरण खरिद गरिसकेपछि तिनको प्रयोग पनि गर्ने नै भए। जसले गर्दा प्रमुख शहरदेखि देशभर विजुलीको मागमा वृद्धि भयो। उसै पनि नेपालमा हिउँदमा विजुलीको उत्पादन झन्डै आधा घटने गरेकै हो। त्यसैले पनि नाकाबन्दीका कारण एकाएक बढेको माग र आपूर्तिमा सन्तुलन ल्याउन विद्युत् प्राधिकरणले विगतमा जस्तै लोडसेडिङको समयावधि वृद्धि गर्नु पनि अनौठो होइन। तर, समस्या यहींबाट सुरु भयो। प्राधिकरणले घोषित रूपमा पतिखेर देशभर दैनिक १२ घन्टा वढि लोडसेडिङ गर्दै आएको छ। यो वा त्यो कारणले अधिकांश उपभोक्ताले चार्हि दैनिक एक-दुई घन्टा मात्र विजुली उपभोग गर्न पाइरहेका छन्। त्यो पनि सामान्यत दिनुनी खपत नहुने समय अर्थात् मध्यरातपछि मात्र विजुली आउने गरेको छ। मध्यरातमा विजुली आउनुको एउटा कारण मागअनुसार विजुली आपूर्ति हुन नसक्दा लोड धान्न नसकेर ट्रान्सफर्मरका एमसिवी अफ हुनु वा ट्रान्सफर्मरका फ्युज जानु पनि हो। तर, त्योभन्दा पनि भयावह अवस्था त गुणस्तरहीन ट्रान्सफर्मर प्रयोग र अन्य प्राविधिक त्रुटिका कारण सिर्जना भइरहेको छ। तथ्यांक अनुसार पछिल्लो समयमा मात्र प्राधिकरणका चार सय ९४ ट्रान्सफर्मर त जलिसकेका छन्। यसतर्फ प्राधिकरण नेतृत्वले समयमै चासो नदिँदा यसवाट आम उपभोक्ता गम्भीर मारमा परिरहेका छन्। गुणस्तरहीन ट्रान्सफर्मर खरिद प्राधिकरणको पुरानो रोग हो। केही समय पहिले गुणस्तरहीन ट्रान्सफर्मर खरिद प्रकरणमा प्राधिकरणका तत्कालीन प्रमुखलगायत निकै ठूलो समूह अख्तियारको छानविनमा दोषी देखिएका थिए। यसबाट पनि अहिले उपभोक्तालाई सकसमा पार्ने गरी ट्रान्सफर्मर जल्नुमा गुणस्तरहीन ट्रान्सफर्मर किन्ने नेतृत्व जिम्मेवार देखिन्छन्। यसबारे समयमै छानविन गरी आगामी दिनमा प्राविधिक त्रुटिका कारण सर्वसाधारणले सास्ती झेल्नुपर्ने अवस्था सिर्जना नहोस् भन्नेतर्फ समवन्धित निकाय सचेत हुनु पर्दछ। नागरिकलाई उज्यालोका हक दिलाउन सरकारले विशेष ध्यान दिन जरुरी छ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल पौष २६ गते आइतवार, तदनुसार जनवरी १० सन् २०१६, श्रीशार्क १९३७, नेपाल संवत् ११३६, कौलकनामकः संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। हेमन्त ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषशुक्लपक्षको प्रतिपदा तिथि अहोरात्र रहलेछ। आज सूर्य धनु राशिमा, चन्द्रमा धनु राशिमा अहोरात्र रहलेछ। आज दिनमान २६ घटि ७ पलाको रहलेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि विहान ठीक ६ बजेर २८ मिनेटमा रौद्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २४ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : पुरानो कार्यवाट आम्दानीमा एकासि वृद्धि, सहयोगी हातहर वढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ।

वृष : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता वढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ।

मिथुन : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो भई कार्य शुरु गर्नुहोला।

कर्कट : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रवाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ।

सिंह : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला।

कन्या : मित्रहरुवाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिवढ्ने, एकमुष्ट रकम सकलन हुने, स्थाप्ति व्यञ्जन प्राप्त हुनेछ।

तुला : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पैसावाट घाटा हुन सक्ने, सामाजिक कार्यलेले गर्दा दिनभर चिन्ता पनेछ।

वृश्चिक : शत्रुवाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडालेले ठूलै रुप लिनेछ, आफन्तवाट विशेष कार्यमा ओका हुने।

धनु : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ।

मकर : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुदै जान सक्नेछन्, स्वास्थ्य हानी समय तथा दिन खराव रहनेछ।

कुम्भ : आफ्नै पेशावाट लोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराव छ सतर्क रहनुहोला।

मीन : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसँग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइने ठाउँमा सरिक हुनु पाइनेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

विद्यमान समस्या र भावी चुनौतीहरू

प्रा. ध्रुव कुमार

लोकतान्त्रिक पद्धति भएको मुलुकमा आर्थिक विकास गर्दै जनताको सेवा गर्ने नारासहित निर्वाचित हुने कुनै पनि राजनीतिक दल सत्तामा पुगेपछि त्यसको नेतृत्वको पहिलो चुनौती र दायित्व नै कसरी आफ्नो वैधानिकता कायम गरी सत्ता टिकाउने रणनीतिमै सीमित हुन्छ। फलस्वरूप सत्ता सञ्चालन गर्ने क्रममा सरकार समर्थक दल तथा सहभागीहरूसित तादात्म्यता मिलाएर सत्ता सञ्चालन गर्न बाध्य हुन्छ। यो जना उपप्रधानमन्त्रीको रंगीविरंगी टोलीसहित गठित सरकारको नेतृत्व गरेका एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्रीको हैसियतमा कुनै सकारात्मक भूमिका निर्वाह गर्न भन्दा पहिले सत्ता टिकाउने चुनौती थेप्न तल्लिन छन्।

नेकपा (एमाले) ले सरकारबाट समर्थन फिर्ता लिएपछि भएको मन्त्रालय फेरफार मन्त्रीहरू थपिँदै जाँदा मन्त्रालय फेरफार मागसहित उठेको मधेस आन्दोलनको वार्ताद्वारा समाधान गर्नुपर्ने विचार व्यक्त गर्नुले सरकारको अकर्मण्यता औंल्याउछ। एमाओवादी अध्यक्ष पुष्पदहल गठबन्धन सरकारबाट आफ्ना मन्त्रीहरू फिर्ता बोलाउन सक्ने सम्भावना दोहो-याउन छाडेका छैनन्। सरकारको संरचनाले जनअपेक्षा तुषाराघात भएको छ। भने मन्त्रालय फेरफार मन्त्री थपी निर्णयलाई अन्तर्गसमात किन नभनिएला। ओली राजमा मुलुक कुन हदसम्म चरम राजनीतिक अराजकतामा फसेको छ भन्ने तथ्य त सरकारी निकायहरूमा व्याप्त भ्रष्टाचार, राहत सामग्रीमा खुलेआम लुट अनि राजनीतिक संरक्षणमै कालो अर्थतन्त्र फस्टाउनुवाट सिद्ध हुन्छ। विकट आन्तरिक स्थितिको व्यवस्थापनमा गतिहीन नरहेका ओली वाह्य परिस्थितिसमेत आफ् अनुकूल नरहेको तथ्यवाट अवगत त छन्। तर राष्ट्रियतको खोको ढोल बजाएर समय नष्ट गर्दैछन्। उही अगर्ल प्रलाप गर्न माहिर छन्। तर सरकारको नीति निर्देशन र सञ्चालन प्रक्रियामा उनको पत्रुपना जगजाहेर भएको छ। तसर्थ सरकारको नेतृत्व गरेको ३ महिनामा पनि उनले आफ्नो विश्वसनीयता कायम गर्नसकेका छैनन्।

देशवासीको हितका लागि आफ्नो कार्यकारी अधिकारको यथेष्ट सदुपयोग गरेर तत्काली गर्न सकिने कामपत्तिको उदासीनतालै गर्दा प्रधानमन्त्री ओलीले जनभावनाको रूप उपहास गरेका छन्। न उनी संविधानको कार्यान्वयन पक्षलाई लिएर विपक्षी दलहरूलाई विश्वासमा लिन प्रयत्नशील छन्, नत मधेस आन्दोलनपति संवेदनशील भएका छन्।

प्रतिपक्षमा रहेको संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसपति ओलीको उपेक्षाभाव उनकै नेतृत्वको निरन्तरताको निम्ति पनि दुसाध्य हुनसक्ने सम्भावनापति अनौंठ्याउ पतित हुन्छ, जुन वास्तविकता होइन। तर कांग्रेससितको मनोवैज्ञानिक दूरीले प्रतिपक्षसित कार्यगत एकता कायम नगरिएले संसद र सरकार सञ्चालनमा विघ्न आउन सक्ने र समस्या जटिल हुँदै जाने सम्भावना नकार्न सकिदैन। ओलीले भने आफ्नो स्वभाव र आचरणअनुसार मन्त्रिपरिषदको गठन र त्यसमा प्रतिनिधित्व गरेका राजनीतिक दलहरूको जुन 'ट्राइब'लाई अंगालेको छ, त्यसवाट आफ्नो विकृत मानसिकतामाथ प्रदर्शन गरेको छन्। ओलीको अहम् उनी आफै निम्तिमात्र नभई उनको अध्यक्षतामा रहेको नेकपा एमालेको दलीय हितविपरीत पनि जानसक्छ।

सरकारले प्राथमिकता साथ जुलुपर्ने विषमान समस्या र आन्तरिक चुनौतीहरू मध्य महाभूकम्पले भत्काएको वस्तुगत राष्ट्रिय सम्पदा र संरचनाहरूको पुनर्निर्माण, पीडितहरूको सुरक्षित पुनर्वास र राजनीतिक मागसहित उठेको मधेस आन्दोलनको वार्ताद्वारा सर्वदलीय सहमतिका साथ समान र व्यवस्थापनको साथै नीति नियमअनुसार संविधानको कार्यान्वयन गरी मुलुकलाई गतिशीलता प्रदान गर्नु रहेको छ। चिसोले कठ्याँग्रिएर मनैहरूको संख्या २० नाघेको छ। मधेस आन्दोलनको क्रममा मनैहरूको संख्या ५७ मध्ये एक भारतीय नागरिक र ७ बालक परेका छन्।

सरकार स्पन्दहीन छ। अकौंतर संविधानको कार्यान्वयन पक्ष संसदद्वारा पारित संविधान संशोधन प्रस्ताव आन्दोलनरत मधेसी दलहरूको सहमति र सहभागितामा अघि बढ्न सक्ने हुँदा सत्तापक्ष, प्रतिपक्ष र मधेसी मोर्चाबीच बहस छलफलबाट समझौतामा नपुग्नुजेल उपलब्धीहिन रहने तथ्यवाट सबै अवगत छन्। तसर्थ मधेसी मोर्चासितको सहमतिको अपरिहार्यतालाई संस्थापन पक्षले विर्सनु हुँदैन। यदि संविधान कार्यान्वयनप्रति मूलधारका राजनीतिक दलहरू प्रतिवद्ध छन् भने सीमाकनको मुद्दा सम्बोधन गर्न डिलो गर्नु अनिश्चितता लम्ब्याउनु नै हुनेछ। हुन त मधेस आन्दोलनकै कारण सरकार ढल्दैन भनी ओली निश्चिन्त छन्।

तर दलहरू बीचको समझदारी भङ्गि कुन राजनीतिक दलको अगुवाको कुटिल भूमिकाले विद्यमान समस्या वल्झाइरहन सघाएको छ, त्यसपति वेलैमा सचेत हुनु आवश्यक छ। विश्वास भने कतै देखिँदैन। वाह्य चुनौतीको रूपमा भारतसित तनावपूर्ण स्थितिमा रहँदा द्विपक्षीय सम्बन्ध सामान्यीकरण गरी सीहार्दता कायम गर्नु प्रमुख रहनुको साथै चीनसितको सम्बन्धमा ओली सरकारकै निर्णयवाट लिइएको वाणिज्य र पारवाहन सन्धि, इन्धन आयातलाई प्राथमिकता दिँदै अन्य पक्षलहरूलाई साकार रूप प्रदान गर्नु रहेको छ।

हाम्रो द्विपक्षीय सम्बन्ध आन्तरिक राजनीतिको कारण कति प्रभावित रहेको छ भन्ने तथ्य त हामीप्रति भारतीय संस्थापन पक्षको कुटिल नीतिवाटै स्पष्ट हुन्छ। यदि हामीले भारतीय संस्थापनको अभिरुचीलाई ध्यान दिएर त्यहीअनुरुप संविधान निर्माण गरेको भए छिमेकीको नेपाल नीति प्रभावित हुने थिएन। त्यसैको प्रतिक्रियास्वरुप हाम्रो परराष्ट्र नीतिको स्पन्दनहीन उत्तरी दृष्टिकोणमा पनि एकाएक संवेदनशीलता बढ्ने थिएन।

तर दक्षिणकै धिचोंमिचोंको परिणामस्वरुप बढेको उत्तरतिरको आश्वासन खोज्नुपर्ने बाध्यतालाई परराष्ट्र सम्बन्धको दक्ष रणनीति भने मान्न सकिदैन। लीन भनी उत्तरलाई गुहार्नु किमार्थ राष्ट्रिय नीति हुनसक्दैन। यस्तो बाध्यात्मक स्थितिलाई साना तथा भूपरिवेष्टित मुलुकहरूको परराष्ट्र नीतिको आवरणले छोप्न सकिदैन। यसलाई नीतिगत व्यवहार पनि भन्न मिल्दैन। किनभने चीनलाई भारतको विकल्पको रूपमा प्रयोग गर्ने अवधारणा सर्वथा त्रुटिपूर्ण हुन्छ।

हो, चीनसितको सम्बन्धमा विद्यमान स्थितिभन्दा व्यापकता बढाउन सकिन्छ र भविष्यमा द्विपक्षीय सम्बन्धको यथास्थितिमा परिवर्तन ल्याउन सकिन्छ। यसको साथै हामीजस्तो दुई ठूला छिमेकी बीचको सानो, अल्पविकसित र अस्थिर राजनीतिक व्यवस्था भएको मुलुकले आफ्नो आन्तरिक राजनीतिकै सूक्ष्म व्यवस्थापन उन्मुख कुनै ठूलो राष्ट्रको प्रभावकारिता विस्तारै न्युनीकरण गर्न सक्नेछ। राजनीतिक अस्थिरताकै कारण कानुनी राज्यको मान्यता कुल्चिएकोले मुलुकको संस्थागत संरचना र आर्थिक अवयव खोको भइसकेको आभास नाकाबन्दीले टड्कारो पारेको छ। तैपनि साना राष्ट्रहरू शक्तिहीनताकै कारण सदासत्ता पतिरोधात्मक क्षमताविहीन हुने अवधारणा पनि कतिपय सन्दर्भमा गलत साबित भएको छ। विश्व राजनीति शक्ति राष्ट्रहरूबीच शान्ति र सहकार्यवाट भन्दा प्रतिस्पर्धा र द्वन्द्वले नै बढी प्रभावित हुने भएकोले संवेदनशील भूराजनीतिक अवस्थितिमा रहेको मुलुकहरूको आकर्षण चम्कीय हुने गर्छ, जुन नेपालको भूराजनीतिक स्थिति सान्दर्भिक छ। यस स्थितिलाई प्राकृतिक वरदानको रूपमा प्रयोग गर्ने हैसियत र क्षमता हाम्रो राजनीतिक नेतृत्वमै नीहित छ। शीतयुद्धको सामरिक र राजनीतिक प्रतिस्पर्धात्मक इतिहासमा नेपालमा दुवै खेमाका शक्तिराष्ट्रहरूको उपस्थिति त्यही चुम्बकीय आकर्षणको कारण थियो। शीतयुद्धको चरम परिवर्तन भए पनि नेपालमा त्यो आकर्षण विद्यमान छ। त्यसलाई आफ्नो राष्ट्रिय हित अनुकूल कसरी प्रयोग गर्ने भन्ने सोच र क्षमता राष्ट्रिय नेतृत्वकै अभिभारा हुन्छ। नेपालमा रहेको यो चुम्बकीय आकर्षण वाह्य राष्ट्रहरूको निम्ति सैन्य क्षमताभन्दा बढी महत्तवपूण रहेको छ। संक्षेपमा हाम्रो भूराजनीतिक अवस्थितिकै कारण निरीहताको हीनताबोध गर्नुभन्दा हाम्रो महत्तावोध अनुरुप परराष्ट्र सम्बन्धलाई जीवन्तता दिनु आवश्यक छ।

नेपालपति अमिरचि राख्ने शक्ति राष्ट्रहरूचैंच राजनीतिक सन्तुलन कायम गरी आफ्नो प्रभावकारिता बढाउने धारणा प्रतिपादित किन नगर्ने ? यसलाई भारतीय नाकाबन्दीकै प्रसंग र चीनसितको सम्बन्धको गतिविधिवाट बुझ्न सकिन्छ। हाम्रो परराष्ट्र नीति भन्नु वा के भन्नु भारतमुखी नीतिमै सीमित छ। नाकाबन्दीको प्रभावले प्रतिक्रियागत तवरमै भए पनि हाम्रो द्विपक्षीय सम्बन्धमा गतिशीलता आएको छ। चीनसितको हाम्रो दीर्घ सम्बन्ध कूटनीतिक सीमितताको परिधिभन्दा वाहिर निस्कदैछ, विभिन्न सन्धि-सम्झौताहरूको सम्भावना सहित। नेपालको चीनसित सम्भावित बढ्दो सम्बन्धको प्रभावको आकलन नेपाली पक्षले भन्दा नाकाबन्दी लगाई द्विपक्षीय सम्बन्धलाई चिस्याएको भारत सरकार र त्यहाँको संसदले गर्न थालेको छ। चीनवाट पेट्रोल ल्याउँदैमा नाका खुल्ने छैन भनी सूचना सम्प्रेषण गर्ने भारतीय संस्थापन पक्ष अहिले हामीले नाका अवरुद्ध गरेकै छैनी भन्न विराएको छैन।

भारतीय राज्यसभा र लोकसभामा नाकाबन्दीले गर्दा नेपालमा अमानवीय अवस्था आएको र यसैले गर्दा नेपाल चीनउन्मुख भएको गम्भीर छलफल भएको छ। र नेपालका प्रधानमन्त्री समकक्षीलाई यथाशीघ्र भारत भ्रमण गर्न फोरे निम्त्याएका छन्। यसलाई हितैषीको पहलभन्दा स्वार्थजन्य रणनीतिक रूपमा बुझनुपर्छ।

अहिले भारतसित नाकाबन्दी हटाई सम्बन्ध नवीकरण गर्नुपर्ने आवश्यकता छ। सम्बन्ध तनावरहित हुनुपर्ने अपरिहार्यता छ। किनकि सीधे जोडिएका छिमेकीहरू को सम्बन्धको स्थायित्व सहअस्तित्वको स्वीकार्यतामै निर्भर हुन्छ। तर छिमेकको अस्थिरताले गर्दा भारतको अर्थतन्त्र प्रभावित हुने र विकास क्रममा असर पर्ने भारतीय राजदूत रणजीत रायको विचारमा असहत हुनुपर्ने अवस्था नहुँदा पनि उनले नेपालपति देखाएको नकारात्मक आशयले यथार्थ भने स्वीकार्दैन।

वास्तवमा २००७ साल उप्रान्त आजपर्यंत नेपालमा राजनीतिक अस्थिरताको प्रवर्तक भारत स्वयं रहेको तथ्यपति आँखा चिम्लिन मिल्दैन। विडम्बना त के भने खुला सीमावाट उत्पन्न समस्याहरूको दोषारोपणसमेत नेपालमाथि थोपर्ने राजदूत रायले विसैन्।

यही छुद्र मानसिकता नेपाल-भारत सम्बन्धको मूल समस्या रहेको तथ्य स्वीकार्न भने उनी चाहँदैनन्। रणनीति मानवीय सम्बन्धकै अति उन्नत पक्ष हो। तर नेपालप्रति भारतीय संस्थापन पक्षले गर्दै आएको व्यवहारकै कारण हामी निराश हुनसक्दैनौ यहाँनर स्मरणयोग्य कुरा के छ भने २०४५-४६ को नाकाबन्दी र प्रजातान्त्रिक जनआन्दोलनताका भारतका तत्कालीन विदेश सचिव एसके सिंहले काठमाडौंमा जुन गोप्य दस्तावेज नेपालका तत्कालीन परराष्ट्र मन्त्री शैलेन्द्रकुमार उपाध्यायलाई भो तमीहरूको लागि नागपाश हो भनी पञ्चायत व्यवस्था टिकाइदिने सुनिश्चिततासितै बुझाए र राजा वीरेन्द्रले त्यसमा हस्ताक्षर गर्ने अनुमति दिनुभन्दा जनतालाई प्रजातन्त्र दिन्छु भनी अस्वीकार गरे, कतै प्रधानमन्त्री ओलीको दिल्ली भ्रमणमा तिम्रो समस्या पनि कतै सरकार टिकाईदिछु भन्ने आश्वासनका साथै सम्बन्धमा प्रगाढता बढाउने त्यस्तै घरेलु सरोसीपिएको भन्न सकिन्न। त्यसैले हाम्रो नेतृत्वको सचेतना नै हाम्रो राष्ट्रिय सुरक्षाको कवच हुने तथ्य मनन गरौं। विडम्बना नै भनौं नेपालको परराष्ट्र नीति पनि अहिले विपरीत व्यवस्थापनकै अंग हुनुपरेको छ। अझ हाम्रो परराष्ट्र सम्बन्धको हास्यास्पद अवस्था त मुलुकको शिखर नेतृत्वको विदेश भ्रमणमा भारत र चीनमध्ये कसलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने झमेलामै अल्झिएको छ।

स्वतन्त्र निर्णय लिने हाम्रो असमर्थता यही सन्दर्भवाट पनि बुझ्न सकिन्छ। पहिलो भ्रमण जतातिर भए पनि राष्ट्रिय हितको सर्वोपरिता हुनुपर्छ। नाकाबन्दीकै तनावरहित हुनुपर्ने अपरिहार्यता छ। किनकि सीधे जोडिएका छिमेकीहरू को सम्बन्धको स्थायित्व सहअस्तित्वको स्वीकार्यतामै निर्भर हुन्छ। तर छिमेकको अस्थिरताले गर्दा भारतको अर्थतन्त्र प्रभावित हुने र विकास क्रममा असर पर्ने भारतीय राजदूत रणजीत रायकै

१५ करोड लगातमा 'हिमालय फ्रण्ट रिसोर्ट'संचालन

पोखरा २५ पुस ।

पर्यटकीय नगरी पोखराको सराङ्कोटमा सुविधासम्पन्न रिसोर्ट सञ्चालनमा आएको छ । पर्यटन व्यवसायी कर्ण शाक्यले आफ्नो केजीएच ग्रुपअन्तर्गत १५ करोड रुपैयाँ लगानीमा 'हिमालय फ्रण्ट रिसोर्ट' सञ्चालनमा ल्याएका हुन् । २ वर्षअगाडि निर्माण शुरू भएको रिसोर्टले बुकिङ शुरू गरिसकेको छ । पाँच स्टारस्तरका सुविधा सहित सञ्चालनको तयारीमा रहेको रिसोर्टमा ४४ ओटा 'सुपर डिलक्स रूम' रहेको अपरेसन म्यानेजर अमृत बिसीले जानकारी दिए ।

५ रोपनी क्षेत्रफल जग्गामा निर्माण भएको रिसोर्ट ५ तलाको छ । रिसोर्टका प्रत्येक कोठाबाट अन्नपूर्ण, माछापुच्छे, धवलागिरि लगायत हिमालयको दृश्यावलोकन गर्न सकिन्छ । 'कोठाबाटै पोखरा र आसपासको सुन्दर दृश्यहरूको अवलोकन गर्न सकिन्छ,' उनले भने,-'कोठाबाटै सूर्योदय र सूर्यास्तको दृश्य पनि स्पष्ट हेर्न सकिन्छ ।' रिसोर्टमा स्विमिङ पुल, लाउञ्जबार, रेष्टुर्रा बार तथा १ सय जना क्षमताको हलको पनि सुविधा छ । निःशुल्क वाइफाई तथा पर्याप्त पार्किङको सुविधा पनि रहेको बिसीले जानकारी दिए । पर्यटकको सुविधालाई ध्यानमा राखेर लिफ्टको व्यवस्था पनि गरेको छौं,' उनले भने । रिसोर्टका प्रत्येक कोठामा दुईओटा (टुइन) बेडको व्यवस्था छ । 'टेलिभिजन, मिनीफ्रिज र इलेक्ट्रिकल ब्याटलको सुविधा पनि उपलब्ध हुन्छ,' बिसीले भने,-'पर्यटकलाई पूर्ण सन्तुष्ट बनाउने गरी पारिवारिक वातावरणमा सेवा प्रदान गर्छौं ।' पहुना बस्न रिसोर्टका सम्पूर्ण स्थहरू तयार बनिसकेको बिसीले जानकारी दिए । 'निर्माणको सम्पूर्ण काम सकिएको छ,' उनले भने,-'सरसफाई र अन्य फिनिसिङको काम बाँकी छ । त्यो पनि छिट्टै सकिन्छ ।'

यूरोपेली, जापानी, चिनियाँ पर्यटकलाई लक्षित गरेर रिसोर्ट सञ्चालन गर्न लागे पनि स्वदेशी तथा अन्य देशका पर्यटक पनि पर्याप्त आउने लगातीकर्ताको विश्वास छ । रिसोर्ट सञ्चालनमा आउन लागेको पहिलो चरणमा ३ महिनाका लागि विशेष छुट प्रदान गरिने बिसीले जानकारी दिए । ३ महिनाका लागि घोषणा गरिएको 'प्रमोशनल रेट' अनुसार एउटा कोठाको स्वदेशीले ४ हजार ५ सय रुपैयाँ र विदेशीले ७ हजार ५ सय रुपैयाँ तिनुपर्नेछ । ३ महिनापछि स्वदेशीले ६ हजार ५ सय र विदेशीले २० हजार रुपैयाँ ९२ सय डलर० तिनुपर्ने बिसीले जानकारी दिए । 'यो शुल्कमा बाइफाई, बेकफाष्ट तथा बिमानस्थल र बसपार्कसम्म आउने जाने सुविधा समावेश छ,' उनले भने । रिसोर्ट पोखराको विन्ध्यवासिनीबाट सराङ्कोट जाने बाटोतर्फ दुई किलोमिटर दूरीमा पर्छ ।

कर्ण शाक्य समूहले सञ्चालन गरेका रिसोर्टको देशव्यापी सञ्जाल भएकाले पनि पर्यटक अपेक्षाअनुसार न्याउन सकिने लगानीकर्ताको विश्वास छ । सोही समूहले पोखरामा वाटर फ्रण्ट रिसोर्ट सञ्चालन गरेको छ । समूहले काठमाडौं मा काठमाडौं रोयट हाउस, बुद्धानिलकण्ठमा पार्क भिलेज एण्ड स्पा, लुम्बिनीमा बुद्धमाया गार्डेन, सौराहामा मारुती सेन्चुरी, नगरकोटमा भिजन इनलायायत रिसोर्ट सञ्चालन गरिरहेको छ । एक ठाउँबाट अर्को ठाउँको रिसोर्टमा बस्ने गरी जाने पर्यटकलाई निःशुल्क यातायात सुविधा प्रदान गरिने बिसीले जानकारी दिए । 'हाम्रो स्वागत, सत्कार तथा सेवा, सुविधाबाट पर्यटकलाई पूर्ण सन्तुष्ट बनाउँछौं,' बिसीले भने,-'पर्यटक आकर्षणका लागि हर्स्पोर्टालिटीलाई नै हामी प्राथमिकता दिन्छौं ।'

नयाँ रिसोर्ट सञ्चालनमा आएको स्थान सराङ्कोट प्यारालाइडिङका लागि प्रशिद्ध छ । सूर्योदय, सूर्यास्त र दृश्यावलोकनका लागि पनि पोखरा आउने प्रायः पर्यटक सराङ्कोट पुग्छन् । पर्यटकको प्रमुख रोजाईमै पर्ने भएकाले सराङ्कोटमा पछिल्लो समय होटल तथा पर्यटन क्षेत्रमा लगानी बढ्ने क्रम जारी छ ।

स्रोत : आर्थिक अभियान दैनिक

माछापुच्छे भिलेज लायन्सको रक्तदान

गोल्डेन न्युज संवाददाता
पोखरा २५ पुस ।

लायन्स क्लब अफ पोखरा माछापुच्छे भिलेजले शनिवार पोखरा स्थित पाँडी विरौटामा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमको लायन्स क्लबका पिएमसिसि प्रेमबहादुर श्रेष्ठले प्रथम रक्तदाता खिमराज आचार्यलाई ब्लड्ब्याग हस्तान्तरण गरी उद्घाटन गरेका थिए । उद्घाटन गर्दै श्रेष्ठले स्थापनाको छोटो समयमा नै सो क्लबले परिपक्व उदारहणीय सामाजिक कार्यहरू गरेकोमा बधाइ दिदै एक सबल र सक्षम क्लबको रूपमा आफूलाई स्थापित गरेको बताए ।

कार्यक्रममा विरौटा क्लबका अध्यक्ष सूर्य बराल, एमजेएफ किशोर बराल, ब्लड बैंक स्थापना समितिका अध्यक्ष सोनाम साङ्पो लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । रक्त सञ्चार केन्द्र तीर्थराज आचार्यले व्यक्त गरेका थिए भने उनीहरूको संयोजकत्वमा आयोजित रक्तदान कार्यक्रममा कोपाध्यक्ष तीलबहादुर गुरुङ र कुल रुरु जनाले रक्तदान गरेको सो क्लबले जनाएको छ । क्लबका अध्यक्ष शिवराज आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रमा स्वागत मन्तव्य द्वितिय उपाध्यक्ष तथा कार्यक्रमका संयोजक गरेका थिए । क्लबका पूर्व अध्यक्षहरू सुवास बराल, सुरेश पोखरेल, सुनिल पोखरेल, सुरेश पोखरेल, सुनिल पोखरेल, सुरेश पोखरेल, सुनिल पोखरे

क्याटरिङ्ग सेवा र शुल्कमा एकरुपता ल्याइने

सामान्य मूल्य वृद्धि, पार्टी प्यालेसमात्र चलाउनेलाई सेवा वहिष्कार

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ पुस ।

पश्चिमाञ्चल क्याटरिङ्ग तथा पार्टी प्यालेस व्यवसायी संघ कास्कीका व्यवसायीले प्रदान गर्ने सेवा र लिइने शुल्कमा एकरुपता ल्याइने भएको छ । यसअघि व्यवसायीले प्रदान गर्ने सेवा र लिने शुल्कमा विभिन्न गुनासो आउने गरेको थियो । साथै संघले एकै दिन एउटै व्यवसायीले धेरै ठाउँमा सेवा दिने गरेकोमा उक्त कार्यलाई पनि रोक्ने भएको छ ।

संघले शनिवार पोखरामा पत्रकार सम्मेलनमार्फत उक्त जानकारी गराएको हो । एउटै व्यवसायीले एकैदिनमा धेरै ठाउँमा सेवा दिंदा भरपर्दो र गुणस्तरीय नहुने निश्कर्ष निकाल्दै विशेषगरि आउट डोर सेवामा एक व्यवसायीले एक दिनमा २ ठाउँमा भन्दा बढी सेवा दिनबाट रोक लगाइएको हो । संघका अध्यक्ष लिला जिसीले हिजको जानकारी अनुसार शनिवारदेखि संघमा आवद्ध व्यवसायीहरुलाई उक्त नीति लागू भएको छ । संघले क्याटरिङ्ग सेवाबाट व्यवसायीले लिने शुल्कमा एकरुपता ल्याउन हाल कायम रहेको मूल्यमा वृद्धि समेत गरेको संघका अध्यक्ष जिसीले बताए । उनका अनुसार फूल क्याटरिङ्गको हकमा न्यूनतम संख्या एक सयदेखि दुईसय जनासम्मको लागि २ आइटम (मासुसहित) प्रतिप्लेट ६२० रुपैयां कायम गरेको छ । यस्तै सोही सेवा २००-४०० जनासम्ममा ६०० रुपैयां र ४०० देखि १ हजार जनासम्मका लागि प्रतिप्लेट ४०० रुपैयां, २०० देखि ४०० जनासम्म ३५० र ४०० देखि १ हजार जनासम्मका लागि ३२५ रुपैयां निर्धारण गरिएको छ । व्यवसायीले उपलब्ध गराउने सबै सेवामा टेन्ट निःशुल्क उपलब्ध गराइनेछ । संघले वृद्धि गरेको शुल्क सबै सेवामा ३५ देखि ४० रुपैयांमात्र हो । क्याटरिङ्ग व्यवसायीले पोखरा लगायत आसपासमा विगत १५ वर्षदेखि सर्वसुलभ, छिटोछरितो र गुणस्तरीय सेवा उपलब्ध गराउँदै आएको जानकारी दिँदै अध्यक्ष जिसीले गत वैशाखको महाभूकम्प र भारतको अघोषित नाकाबन्दीले अत्यन्तै समस्यामा पारेको बताए । 'आफ्नो सेवा अतिआवश्यक छ, तर व्यवसायमा धेरै समस्या भएपनि सर्वसाधारण निकायले सधै उपेक्षा गर्ने गरेको छ', अध्यक्ष जिसीले भने- 'क्याटरिङ्ग सेवाका लागि आवश्यक पर्ने सामाग्रीहरु (इन्धन, ग्यास, तरकारी, मासु र खाद्यान्न) मा भारी मूल्य वृद्धि हुँदा समेत पाँच वर्षसम्म हामीले केही गरेनौं, बल्ल सामान्य मूल्य वृद्धि गरेका छौं ।' अब पनि मूल्य वृद्धि नगर्ने हो भने आफूहरुले व्यवसाय संचालन गर्न नसक्ने उनले स्पष्ट पारे ।

२०६४ सालमा स्थापित संघमा हाल ६० व्यवसायी सदस्य छन् । संघमा स्याङ्जाका केही व्यवसायी समेत आवद्ध छन् । पोखरामा करिब ९० क्याटरिङ्ग संचालनमा रहेको बताइएको । संघले राज्यका सबै निकायबाट दर्ता भइ कार्य गरेका व्यवसायीलाई मात्र सदस्यता दिने गरेको बताइएको । 'यसअघि संघमा ८४ व्यवसायी आवद्ध थिए । कानूनी मान्यता प्राप्त व्यवसायीलाई मात्र सदस्यता प्रदान गर्ने नीति संघले लिएपछि २४ व्यवसायी बाहिरिएका हुन्',अध्यक्ष जिसीले भने-'बिशेषगरी मोलमोलाइ गर्छन्, अबका दिनमा कृत्रैपनि सेवा दिइने छैन । उनीहरु आफैले क्याटरिङ्ग संचालन गरे हामीले भन्नु केही छैन ।'

संघका वरिष्ठ उपाध्यक्ष भरत सापकोटाका अनुसार पोखरामा संचालित क्याटरिङ्ग व्यवसायमा १ अर्ब रुपैयां भन्दा बढी लगानी भइसकेको छ । संघमा हाल पोखरा र स्याङ्जाका व्यवसायीमात्र आवद्ध रहेकाले पश्चिमाञ्चलका सबै जिल्लाका व्यवसायीलाई आवद्ध गराउन र एउटै किसिमको सेवा प्रदान गर्न आफूहरु लाग्ने उनले बताए । पत्रकार सम्मेलनमा संघका पूर्व अध्यक्ष पिताम्बर पौडेल, महासांचिव दीपक गुरुङ र सल्लाहकार एवं सिटी रेवानका अध्यक्ष के.पी शर्माले पनि बोलेका थिए ।

सहारालाई माया...!

पोखरा २५ पुस ।

अमेरिकावाट केहि दिनको विदामा स्वदेश आएका फुटवल प्रशिक्षक प्रदिप हमागाइ यति वेला पोखरा १७ वेचिल्लामा रहेको सहारा एकेडेमीमा व्यस्त रहेका छन् । अमेरिकामा रहेको वेष्ट श्याम युनाईटेड क्लवको कि स्टोन एल्टिटस एकेडेमीमा फुटवल प्रशिक्षण गराउँदै आएका हुमागाई एक मडिनको विदामा नेपाल आएको समयलाई स्वयंसेवकको रुपमा सहारा एकेडेमीमा रहेका वालहरुलाई फुटवल खेलको प्राविधिक ज्ञान दिन यति वेलाव्यस्त रहेका हुन् । गत आईतवार एकेडेमीमा आएका हुमागाई आगामी शुक्रवारसम्म एकेडेमीमै रहेका वालकहरुलाई विहान र वेलुका गरी दिनको दुई समयमा फुटवल खेलको प्राविधिक ज्ञान दिँदैछन् । एएफसीको सी, एएसीको वी, अमेरिकामा मिडफिल्ड क्लिनिक प्रशिक्षक समेत गरेका उनले काठमाण्डौमा विश्वविद्यालयमा केहि समय प्रशिक्षण गराए पश्चात २ महिना हिमालयन शेर्पाबाट फुटवल प्रशिक्षकको ईन्टरनशिप गरेका थिए भने थ्री स्टार क्लवमा केहि समय प्रशिक्षणको जिम्मेवार समेत सम्हालेका थिए । विगत दुई वर्ष देखि अमेरिकामा रहेका हुमागाईले सहारा क्लवद्वारा संचालित एकेडेमिमा रहेकावालक हरु निकै अनुशासित तथा फुटवल खेलप्रति जिज्ञासु भएको कारणले गर्दा आफूलाई प्रशिक्षक गराउन पाउँदा थप हौसला मिलेको समेत उनले बताए । उनले भने-"म नेपालमा विदाको समयमा आउदा यस्ता एकेडेमीहरुमा प्रशिक्षण गराउन पाउनु मेरो लागि गर्वको कुरा हो, यस्तो अभियानसाई मैले जीवन्त राख्ने छु, अर्को पटक नेपाल आउदा कुनै पनि यस्ता एकेडेमीहरु मा मेरो खाँचो छ भने पनि मैले सहयोग गर्न तयार छु ।" धौराराल्हि लिग विजेता गराउन महत्वपूर्ण भूमिका खेर्दै उत्कृष्ट कोच समेत बन्न सफल भएका हुमागाईले २०५३ साल देखि फुटवल खेलमा लागेपछि विगत ३ वर्ष देखि प्रशिक्षणकी भूमिका निभाउदै आएका छन् ।थि स्टार समाहलेको छोटो समयमा उनले लिग विजेता हुदै, आहा रारा गोल्ड कप, उदयपुर गोल्ड कप सहित अन्य उपाधि जितउन सफल भएका थिए ।

नेपाली फुटवल खेलमा एन्का चिचार र खेलाडीको म्याच फिक्सिङको बारेमा खुलेर भिरोध नगरे पनि उनले विदेशमा नेपाली फुटवल खेलको वदनाम भएकोले अब सकारात्मक ढंगले अगाडि वढाउनु पर्ने बताए । उनले भने "फुटवल विकासमा अब सबै सकरात्मक ढंगले सोच्दै अब गछौ गर्नुपर्दछ ।" एकेडेमीमा रहेका वालकहरुलाई मुख्य प्रशिक्षण गराउदै आएका किरण श्रेष्ठको समन्वयमा विभिन्न प्रशिक्षकहरुवाट

न्यानो कपडा बोकेर चेपाङवस्तीमा लायन्स र बैक

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ पुस ।

लायन्स क्लव अफ पोखरा पिस सिटी र माछापुच्छे बैक कर्मचारी संघको संयुक्त आयोजनामा चितवनको काउले गाविस १ र २ एवं सिद्धि गाविस ८ र ९ का चेपाङ वस्तीमा ब्लाङ्केट र न्यानो कपडा वितरण गरिएको छ । शुक्रवार काउले १ जाईथलीमा आयोजित एक कार्यक्रममा ५० थान ब्लाङ्केट र करीव २५० जनालाई न्यानो कपडा वितरण गरिएको कार्यक्रमका संयोजक लायन्स क्लव अफ पोखरा पिस सिटीका तृतीय उपाध्यक्ष किशोर मोहन भट्टराईले जानकारी दिए । कार्यक्रममा ब्लाङ्केट र न्यानो कपडा वितरण गर्दै लायन्स क्लव अफ पोखरा पिस सिटीका अध्यक्ष टंकराज अधिकारीले आर्थिक अवस्था कमजोर भएका चेपाङ वस्तीमा आएर मानवीय सेवाका काम गर्न पाएकोमा आफू गौरवान्वित भएको बताए ।

कार्यक्रममा माछापुच्छे बैक कर्मचारी संघका अध्यक्ष विकास श्रेष्ठले कष्टपूर्ण रुपले जीवनयापन गर्दै आएका समुदायलाई खुल्ला हृदयले सहयोग गर्न पाएकोमा खुशी व्यक्त गर्दै आगामी दिनमा थप अन्य किसिमको राहत कार्यक्रम लिएर आउने प्रतिवद्धता जाहेर गरेका थिए । कार्यक्रमको संयोजन गरेका चेपाङ जाति उत्थानका प्रणेता के पी किरण शर्माले भोकै र नाङ्गी सुत्नुपर्ने अवस्थाका चेपाङलाई सहारा दिनको कार्यक्रम लिएर आएकोमा आभार व्यक्त गरेका थिए । उनले संघका महासचिव राजकुमार काकीले संचालन गरेका थिए ।

सम्पदा तथा जनअधिकार संरक्षणमा शशी

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ पुस ।

राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति नेपालको २० औं वार्षिक साधारण सभा तथा १०औं सम्मेलनले शशी तुलाचनको अध्यक्षतामा नयां कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्षमा रामवहादर पौडेल र पार्वती पौडेललाई सर्वसम्मत चयन गरेको छ । महासचिवमा विष्णुहरि अधिकारी ,सचिवमा महेन्द्र आले र कोषाध्यक्षमा वसन्धरा ढकाल चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा अमृत धिमिरे, निर्मला कोइराला, विष्णु वहादर भट्टराई, पवित्रा जिसी, यादवचन्द्र भुर्तेल, ठाकुर प्रसाद वराल, श्रीराम आचार्य, हनिफ मियाँ, कौशिला गुरुङ, कमल प्रसाद न्यौपाने र अमृत अधिकारीलाई सर्वसम्मत रुपमा चयन गरेको छ ।

यसअघि कार्यक्रमको उद्घाटन गर्दै साहित्यकार तथा संस्कृतिकर्मी तीर्थ श्रेष्ठले सम्पदाहरुको संरक्षणमा सबै जागरुक भएर लाग्नुपर्नेमा जोड दिए । उनले राष्ट्रियतालाको सवाल अहिले सबैको मन मस्तिष्कमा सलवलाइरहेका वेला राष्ट्रिय सम्पदाले लिएको अभियानमा आफ्नो हरेक स्थानमा ऐक्यवद्धता र समर्थन रहने बताए । उनले हामीले संस्कृति र संस्काहरु भुन्दै जानु विडम्वना बनेको बताउदै आफ्नो मौलिक पनलाई विर्सन नहुनेमा जोड दिए । सम्पदा अतिक्रमणका सवालमा राष्ट्रिय सम्पदाले उठाएको अभियान सहानीय भएको उल्लेख गर्दै यसमा निरन्तरता र सरोकारवाला निकायमा यसको खवरदारी जारी राख्नुपर्नेमा उनले जोड दिए । सो अवसरमा बोर्ने वरिष्ठ मानव अधिकारकर्मी तथा राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति नेपालका संस्थापक अध्यक्ष टेकनाथ वरालले राष्ट्रियता र राष्ट्रिय धरोहरका सम्पदाहरुलाई वचाइराख्न सम्पदाले थालेको अभियान जारी राख्नुपर्नेमा जोड दिए । उनले महाकाली वचाऊ अभियानवाट ओतप्रोत भएर गठन गरिएको संस्थाको गरिमा र उचाइलाई अझ गरिमामय पर्दै अंघि वढ्न सुझाव दिए । सो अवसरमा पोखरा उपमहानगर पालिकाका कानुन अधिकृत नारायण शर्मा, पोखरा उद्योग वाणिज्य संघका कोषाध्यक्ष दिलीप राज श्रेष्ठ राष्ट्रिय सम्पदाका सल्लाहकार तिलक पराजुली, सल्लाहाकार भूपनिंध पन्तले मन्तव्य राखेका थिए । सो अवसरमा संस्थालाई विभिन्न तवरले सहयोग पुऱ्याउने पोखरा उपमहानगर पालिका जिविस कास्की, पोखरा उद्योग वाणिज्य संघ, आदर्शसमाज राष्ट्रिय दैनिक र हनिफ मियालाई सम्मान गरिएको थियो ।

कार्यक्रममा महासचिव रामवहादुर पौडेलले स्वागत मन्तव्य, कोषाध्यक्ष वसन्धरा ढकालले संस्थाको आर्थिक प्रतिवेदन राखेकी थिइन् भने सदस्य निर्मला कोइराला पाठकले संस्थाको प्रगति विवरण पेस गरेकी थिइन् । संस्थाकी कार्यवाहक अध्यक्ष शशी तुलाचनको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन पार्वती पौडेलले गरेकी थिइन् । नयां कार्यसमितिको कार्यकाल आगामी २ वर्ष रहने सम्पदाले जनाएको छ ।

सामीप्यको साधारणसभा

पोखरा २५ पुस ।(गोल्डेन)

सामीप्य बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सातौं वार्षिक साधारणसभा पोखरामा सम्पन्न भएको छ । अग्रज पत्रकार एवं सञ्चय सहकारीका अध्यक्ष नारायण काकीले एक समारोहका बीच सभाको उद्घाटन गरेका थिए । उद्घाटन समारोहमा बोल्ने वक्ताहरुले सहकारीलाई गतिशिल बनाउनु पर्ने, व्यवस्थापकीय सुधार गर्दै लैजानुपर्ने लगायतका सुझाव दिएका थिए । कार्यक्रमा असल सँचालित एकेडेमिमा रहेकावालक हरु निकै अनुशासित तथा फुटवल खेलप्रति जिज्ञासु भएको कारणले गर्दा आफूलाई प्रशिक्षण गराउन पाउँदा थप हौसला मिलेको समेत उनले बताए । उनले भने-"म नेपालमा विदाको समयमा आउदा यस्ता एकेडेमीहरुमा प्रशिक्षण गराउन पाउनु मेरो लागि गर्वको कुरा हो, यस्तो अभियानसाई मैले जीवन्त राख्ने छु, अर्को पटक नेपाल आउदा कुनै पनि यस्ता एकेडेमीहरु मा मेरो खाँचो छ भने पनि मैले सहयोग गर्न तयार छु ।" धौराराल्हि लिग विजेता गराउन महत्वपूर्ण भूमिका खेर्दै उत्कृष्ट कोच समेत बन्न सफल भएका हुमागाईले २०५३ साल देखि फुटवल खेलमा लागेपछि विगत ३ वर्ष देखि प्रशिक्षणकी भूमिका निभाउदै आएका छन् ।थि स्टार समाहलेको छोटो समयमा उनले लिग विजेता हुदै, आहा रारा गोल्ड कप, उदयपुर गोल्ड कप सहित अन्य उपाधि जितउन सफल भएका थिए ।

नेपाली फुटवल खेलमा एन्का चिचार र खेलाडीको म्याच फिक्सिङको बारेमा खुलेर भिरोध नगरे पनि उनले विदेशमा नेपाली फुटवल खेलको वदनाम भएकोले अब सकारात्मक ढंगले अगाडि वढाउनु पर्ने बताए । उनले भने "फुटवल विकासमा अब सबै सकरात्मक ढंगले सोच्दै अब गछौ गर्नुपर्दछ ।" एकेडेमीमा रहेका वालकहरुलाई मुख्य प्रशिक्षण गराउदै आएका किरण श्रेष्ठको समन्वयमा विभिन्न प्रशिक्षकहरुवाट समय समयमा यसरी एकेडेमीमा प्रशिक्षण गराउदै आएको क्लवका अध्यक्ष वीरभद्र आचार्यले बताए । एकेडेमीका रहेका वालकहरुको स्तर उन्तीत गर्नुको साथै नयाँपन दिनका लागि यस्तो प्रशिक्षण आवश्यक भएको आचार्यले बताए । एकेडेमीमा हाल १६ जिल्लाका २६ जना वालकहरु रहेका छन् । आहाराराा गोल्ड कपको वचत रकम सहित स्वदेशी तथा विदेशी दातालें दिएको सहयोगले एकेडेमीमा रहेका वालकहरुको भरणपोषण हुदै आएको छ ।

(सुदर्शन रञ्जितवाट)

तुरून्त आवश्यकता

पोखराको घिप्लेढुङ्गामा रहेको सामुदायिक रेडियो सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका लागि १ जना रेडियो प्राविधिकको आवश्यकता परेको हुँदा इच्छुक र योग्य व्यक्तिले आफ्नो सम्पूर्ण कागजपत्र सहित कार्यालय समयभित्र सम्पर्क गर्नुहोला ।

तलव : आकर्षक/आपसी समझदारीमा

सम्पर्क : सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज

मानवअधिकारचोक, घिप्लेढुंगा, पोखरा
फोन : ०६१-५३२४४६, ५३४४५५

नेपाल निर्माण व्यवसायी संघ, कास्कीको अत्यन्त जरुरी सूचना !

यस संघको २५ औं स्थापना दिवस एवम् १८ औं राष्ट्रिय भूकम्प दिवसको अवसरमा खुल्ला रक्तदान कार्यक्रम तथा लेकसिटी हस्पिटल एण्ड क्रिटिकल केयर सेन्टर प्रालिको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर निम्न मिति, समय र स्थानमा हुन गईरहेको हुँदा यस संघमा आवद्ध निर्माण व्यवसायी सदस्यज्यूहरु तथा इच्छुक महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रम:

मिति : २०७२ पौष २५ गते वुधवार
समय : विहान ८:०० वजे
स्थान : संघको कार्यालय प्राङ्गण राष्ट्रवैंकचोक, पोखरा-७

ऋषिराम गौतम
अध्यक्ष-नेपाल निर्माण व्यवसायी संघ, कास्की

'सटानिक भर्सेस' माथि परिचर्चा

पोखरा २५ पुस ।(गोल्डेन)

च्याण्डम रिडर्स सोसाइटी अफ नेपालले सलमान रुस्दीको विवादास्पद कृति 'सटानिक भर्सेस'माथि शनिवार पोखरामा परिचर्चा गरेको छ । सोसाइटीका अध्यक्ष उपेन्द्र पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा कृतिमाथि परिचर्चा गर्दै लेखक यस पाठकले सलमान रुस्दीको पृतिवन्धित कितावमाथि भर्सेसमा प्रस्तुत जादुइ यथार्थ पठनीय रहेको बताए । विश्वकै कृतिहरुमध्ये सो कृतिका कारण सवैभन्दा धेरै सहरमा प्रदर्शन भएको भन्दै रुस्दीले सोही कृतिके कारण १० वर्षसम्म भूमिगत जीवन विताउनुपरेको प्रसङ्ग पनि पाठकले उठाए । रुस्दी सम्वन्धी भिडियो क्लिपहरुसहित प्रस्तुत गरिएको कार्यक्रममा कौशलचन्द्र जिसी, टापेन्द्रप्रसाद रिजाल, कृष्ण केसी, नवराज न्यौपानेलगायतले टिप्पणी गरेका थिए । सोसाइटीका संस्थापक अध्यक्ष राजेन्द्र चापागाईले सोसाइटीका गतिविधिले नेपाली अध्ययन संस्कृतिमा महत्वपूर्ण भूमिका खेलेको दावी गरे । यस्तै, चलचित्र झोलाका निर्देशक यादव भट्टराईले सोसाइटीसंग सहकार्य गर्न आफू सधै लालायित भएको बताउदै एक गम्भीर विषयमा आफ् नयां चलचित्र बनाउने तयारीमा रहेको पनि जानकारी दिए। पुस्तक छलोट समितिकी संयोजक सरस्वती प्रतीक्षाले स्वागतसहित आगामी माघ महिनामा विष्णु भण्डारीको उपन्यास 'पर्देको घामभाँथि दीपक पराजुलीले परिचर्चा गर्ने जानकारी दिएको कार्यक्रमको सञ्चालन सचिव रुपिन्द्र प्रभावीले गरेका थिए।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक मेगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : घिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, घिप्लेढुंगा, पोखरा